# धुलिखेल नगरपालिका

## काभ्रेपलाञ्चोक, बागमती प्रदेश

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २ मितिः २०७८/०६/०५

## भाग २

# प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०७८/०३/०१

प्रमाणीकरण मितिः२०७८/०६/०५

**प्रस्तावना :**

धुलिखेल नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति प्रक्रियालाई योग्यतामा आधारित र पूर्वानुमानीय बनाइ धुलिखेल शिक्षा ऐन २०७६ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी प्रधानाध्यापक नियुक्ति गर्न वाञ्छनीय भएकोले धुलिखेल नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद– १
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०७८** हुनेछ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले धुलिखेल शिक्षा ऐन २०७६ सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले धुलिखेल नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले धुलिखेल नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "प्रधानाध्यापक" भन्नाले यसै कार्यविधिको दफा ३ बमोजिम नियुक्त प्रधानाध्यापक सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले धुलिखेल नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धुलिखेल नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न तोकिएको अधिकृत सम्झनु पर्छ ।

(छ) "शाखा प्रमुख" भन्नाले धुलिखेल नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुखको रुपमा काम गर्न तोकिएको शिक्षा सेवाको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ज) "शाखा" भन्नाले धुलिखेलनगर कार्यपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(झ) "शिक्षा तालिम केन्द्र" भन्नाले शिक्षकहरुको तालिम प्रदायक सरकारी संस्था सम्झनु पर्दछ ।

## परिच्छेद– २

## प्रधानाध्यापकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

३. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ । प्रधानाध्यापक नियुक्तिका लागि योग्यता र सेवा अवधि पुगेका व्यक्तिबाट नगरपालिकाले कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक हुनका लागि देहायबमोजिमको योग्यता र सेवा अवधि पुगेको व्यक्ति उमेदवार हुन सक्नेछ ।

(क) स्थायी नियुक्ति भइ कम्तिमा परीक्षणकाल पूरा भएका शिक्षकहरु मध्ये आधारभूत तह कक्षा १-५ सम्मको विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा बाह्रकक्षा वा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण, आधारभूत तह कक्षा १-८ सम्मको विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेका सम्बन्धित विद्यालयको सम्बन्धित तह (माध्यमिकका लागि माध्यमिक तह, आधारभूत तह कक्षा १-८ का लागि निम्न माध्यमिक तह र आधारभूत तह कक्षा

१-५ का लागि प्राथमिक तहका शिक्षक) मा कार्यरत स्थायी शिक्षकहरु उमेदवार हुन सक्नेछ ।

(ख) खण्ड क. बमोजिमका शैक्षिक योग्यता पुगेका शिक्षक सम्बन्धित विद्यालयमा उपलब्ध नभएको खण्डमा वा प्रअको उमेदवार हुन इच्छा/रुचि नभएको खण्डमा शिक्षा शास्त्र विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी माध्यमिक तहमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको सोही विद्यालयका शिक्षक माध्यमिक तहको विद्यालयको प्रधानाध्यापकको पदमा उमेदवार हुन, शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको कम्तिमा पाँच वर्ष स्थायी सेवा अवधि पूरा भएको निम्न माध्यमिक तहको शिक्षक वा प्राथमिक तहको शिक्षक आधारभूत तह (कक्षा १-८) को विद्यालयका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदमा उमेदवार हुन र आधारभूत तहको कक्षा १-५ को विद्यालयको लागि प्राथमिक तहको शिक्षक पदमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको सोही विद्यालयमा कार्यरत शिक्षक उमेदवार हुन सक्नेछ ।

(ग) खण्ड क. र ख. मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षक नभएको र भए पनि स्थायी शिक्षकले दरखास्त दिन इच्छा/रुचि नभएको खण्डमा सोही विद्यालयमा कार्यरत अस्थायी करार वा राहत अनुदानकोटाको खण्ड क. बमोजिमको शैक्षिक योग्यता वा खण्ड ख. बमोजिमको सेवा अवधि भएका शिक्षक प्रधानाध्यापकको उमेदवार हुन सक्नेछ । साथै माध्यमिक तहको कक्षा १-१२ सञ्चालित विद्यालयमा कम्तिमा छ महिनादेखि सम्बन्धित विद्यालयमा निप्रअ भई कामकाज गरिरहेका साविक उच्च माशि दरबन्दी/राहत अनुदानकोटाका अस्थायी शिक्षकले खण्ड क. र ख. बमोजिम स्थायी शिक्षक सरह उमेदवार हुन सक्नेछ ।

(३) उपदफा(१) बमोजिम प्रधानाध्यापक पदपूर्तिका लागि नगरपालिकाले सूचना प्रकाशन गरी तोकेको म्यादभित्र विद्यालय विकास प्रस्तावसहित

प्रधानाध्यापक पदमा उमेदवार हुन इच्छुक शिक्षकले शाखा प्रमुख समक्ष दरखास्त दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्तावसहितको दरखास्त शाखाले दफा ६ बमोजिमको प्रधानाध्यापक छनौट समिति समक्ष पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम विद्यालय विकास प्रस्तावसहितको दरखास्त प्राप्त भएपछि प्रधानाध्यापक छनौट समितिले दफा ५ मा उल्लिखित मापदण्ड र आधारमा एक्काइस दिन भित्र मूल्याङ्कन गरी गराइ कुल प्राप्ताङ्क बमोजिम कायम भएको योग्यताक्रम सहितको समष्टिगत विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रधानाध्यापक छनौट समितिबाट प्राप्त मूल्याङ्कनको समष्टिगतको आधारमा विद्यालयगत योग्यताक्रमको सूचि प्रकाशन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेदवारलाई दफा ५ को खण्ड ख. बमोजिमको ढाँचामा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यसम्पादन करार गराइ प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको योग्यताक्रमको सूचि उपर चित्त नबुझको खण्डमा चित्त नबुझ्ने उमेदवारले सूचि प्रकाशन भएको मितिले ३ तीन दिन भित्र नगर शिक्षा समिति समक्ष लिखित निवदेन दिन सक्नेछ । यसरी योग्यताक्रम सूचि उपर चित्त नबुझी दिइएको निवेदन उपर नगर शिक्षा समितिले ७ सात दिनभित्र छानबिन गरी कुनै परिमार्जन गर्नुपर्ने देखिएमा रायसमेत प्रधानाध्यापक छनौट समितिमा फिर्ता पठाइ दिनेछ । छनौट समितिले राय प्राप्त भएको मितिले तीन दिनभित्र उक्त राय समावेश गरी अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(८) प्रधानाध्यापकको पदावधि नगरपालिकासँग करार सम्झौता गरेको मितिले पाँच वर्षको हुनेछ र निजको कार्यसम्पादन करारको आधारमा पहिलो वर्ष

परीक्षणकालको मूल्याङ्कन तेस्रो वर्ष मध्यावधि मूल्याङ्कन र पाँचौं वर्षको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ । यसरी मूल्याङ्कन गर्दा निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा पुनः सो पदमा पाँच वर्षको लागि एक पटक करार अवधि थप गर्न सकिनेछ । तर पहिलो पटक प्रधानाध्यापक पदमा करार सम्झौता गरेको मितिले एक वर्षसम्म निजको परीक्षणकाल रहनेछ । परीक्षणकाल अवधिभित्र शिक्षक, समुदाय, विव्यस, शिक्षक अभिभावक संघ, वडा शिक्षा समिति र सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गर्न नसकी विद्यालयको प्राज्ञिक र प्रशासकीय नेतृत्व दिन नसकेको खण्डमा विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिको सिफारिस वा नगरपालिकाको अनुगमन मूल्याङ्कनबाट देखिएमा उपदफा (९) बमोजिम निजलाई प्रधानाध्यापक  पदबाट हटाउन सकिनेछ ।

(९) प्रधानाध्यापकले आफूले गरेको कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति सिफारिस र नगरपालिकाको अनुगमनबाट देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निजलाई प्रधानाध्यापकको पदबाट जुनसुकै बखत हटाउन सक्नेछ ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन । तर परीक्षणकालको अवधिमा प्राज्ञिक र प्रशासकीय नेतृत्व दिन नसकेको भनी विव्यसबाट सिफारिस भएको र नगरपालिकाबाट अनुगमन हुँदा उचित लागेको अवस्थामा प्रधानाध्यापकको पदमा सेवा निरन्तरता नगर्न निजबाट थप सफाइ लिइरहनु पर्ने छैन ।

(११) यस कार्यविधिबमोजिम नियुक्त प्रधानाध्यापकलाई संघ वा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधाका अतिरिक्त नगरपालिकाको कोषबाट नगर सभाले तोकेबमोजिम थप प्रधानाध्यापक भत्ता र सञ्चार सुविधा उपलब्ध गराइनेछ ।

(१२) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ । वरिष्ठतम शिक्षकले सो पद स्वीकार नगरी लिखित निवेदन पेश गरेमा बरिष्ठताको क्रममा रहेको पछिल्लो शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्नेछ ।

(१३) उपदफा (१२) को प्रयोजनका लागि शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछः

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा तर खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कनबाट बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको योग्यताक्रमलाई मान्यता दिइनेछ ।

(१४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापकको नियुक्ति गर्दा नगर शिक्षा समितिबाट स्वीकृत कार्यविधि बमोजिम नियुक्ति गर्न सक्नेछ ।

(१५) उपदफा (१४) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नुपर्नेछ ।

(१६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको शैक्षिक योग्यता र समयावधि पूरा भएका शिक्षकले नमूना विद्यालय विकास प्रस्ताव अन्तर्गत विद्यालय विकास प्रस्ताव नगरपालिकामा पेश गरी स्वीकृत भएको र सोहीबमोजिम प्रधानाध्यापक पदमा नियुक्त भई यो कार्यविधि प्रारम्भ हुँदाका बखत कार्यरत प्रधानाध्यापकले निज नियुक्ति हुँदाका बखत तोकिएको शर्तको अधिनमा रही उपदफा (८) बमोजिम अवधिसम्म प्रधानाध्यापक पदमा कायम रहन सक्नेछ । तर उपदफा (९) को प्रकृयाबमोजिम प्रधानाध्यापक पदबाट हटाउन बाधा पर्नेछैन ।

४. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्पारिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाण पत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्त्वपूर्ण कामकार्वाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्ता हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिसबमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ड) शिक्षक कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख शिक्षा अधिकृत वा नगरपालिकाले हेर्न चाहेमा देखाउने । साथै सजायको अभिलेख राखी नगरपालिका र सम्बन्धित कार्यालयमा प्रतिवेदन पठाउने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा नगरपालिकाको शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) नगरकार्यपालिकाबाट स्थायी नियुक्ति एवम् पदस्थापन, सरुवा व्यवस्थापन वा कामकाज व्यवस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तिमा एक पटक (आवश्यकता अनुसार बढि पटक पनि) शिक्षक तथा कर्मचारीको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक

र शैक्षिक प्रशासन सम्बन्धी विषयमा विचार विमर्श गरी अभिलेख राख्ने,

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएको विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृत भएका विषयका शिक्षकको पदपूर्ति गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाइ व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

(न) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाइ कार्यान्वयन गर्ने गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई नगरपालिकाको शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पचास प्रतिशत भन्दाबढि विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहिन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

(य) प्रत्येक शैक्षिक सत्रका लागि कक्षागत रुपमा विषयगत सिकाइ उपलब्धिको लक्ष्य किटान गर्ने,

(र) विद्यालयमा प्रचलित कानुनले तोकेबमोजिम वा विद्यालयको आवश्यकता बमोजिम कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(ल) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने र अस्थायी करार शिक्षक कर्मचारीको कार्यसम्पादनका आधारमा सेवा निरन्तरताका लागि विद्यालय व्यवस्थापन समिति र नगरपालिकामा सिफारिस गर्ने ।

(व) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने,

(श) नगरपालिका, नगर शिक्षा समिति, शिक्षा शाखा तथा विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन पालना गर्ने गराउने,

(ष) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयावधिभित्र शिक्षा शाखामा पेश गर्ने गराउने,

(स) शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम भरी भराइ विद्यालयमा दर्ता गरी स्थायीको हकमा शिक्षा शाखामा तोकिएको मितिमा पेश गर्ने र अस्थायी करारको हकमा व्यवस्थापन समितिमा पेश गर्ने,

(ह) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गराइ तोकिएको निकायमा बुझाउने,

(क्ष) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, वीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित कार्यालयमा पठाउन लगाउने,

(त्र) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने,

(ज्ञ) प्रधानाध्यापक नगरपालिका, अभिभावक एवम् विद्यार्थी प्रति जिम्मेवार हुनेछ, यसका लागिः

i. अभिभावक, समुदाय एवम् विद्यालय व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्ने र समुदायलाई प्रभावकारी रुपमा परिचालन गर्ने,
ii. प्रचलित मापदण्डको पालना एवम् गुणस्तरीय शिक्षाको लागि प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति र नगरपालिकासँग कार्यसम्पादन करार गरेबमोजिम प्रचलित मापदण्डको पालना एवम् गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने,
iii. शिक्षक एवम् कर्मचारीलाई प्रधानाध्यापक प्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि नगरकार्यपालिका, अनुगमन संयन्त्र, नगरपालिका, नगर शिक्षा समिति, नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख,सामाजिक विकास समिति संयोजक, वडा शिक्षा समिति, जनप्रतिनिधि, शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समितिले प्रचलित कानुन बमोजिम दिइएको निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुसँग कार्य सम्पादन करार गर्ने,
iv. विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई कार्यपालिका मार्फत् छात्रवृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाइ बालबालिकालाई विद्यालयमा

ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ, विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुने,

v. विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्द्धनात्मक कार्य गर्ने ।

## परिच्छेद– ३

## प्रधानाध्यापक छनौटको मापदण्ड/आधार

५. सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौट देहायका मापदण्ड अनुसार तोकिएको आधारमा हुनेछ । प्रधानाध्यापक छनौटका लागि तोकिएको मूल्याङ्कनका आधारको तीन खण्डको पूर्णाङ्क १०० हुनेछ ।

### खण्डः क. शैक्षिक योग्यता, ज्येष्ठता, तालिम, सहकर्मी र समितिलगायतको मूल्याङ्कन कूल अङ्क ४०

(१) शैक्षिक योग्यता वापत ८ अङ्क

(अ) न्यूनतम शैक्षिक योग्यता वापत ५ अङ्क

i. प्रथम श्रेणी भए ५ अङ्क
ii. द्वितीय श्रेणी भए ३ अङ्क
iii. तृतीय वा पास श्रेणी भए २ अङ्क
iv. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने

(आ) माथिल्लो शैक्षिक योग्यता वापत ३ अङ्क

i. प्रथम श्रेणी भए ३ अङ्क
ii. द्वितीय श्रेणी भए २ अङ्क
iii. तृतीय वा पास श्रेणी भए १ अङ्क
iv. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने
v. पुष्टयाइँः माध्यमिक तहको हकमा एमफिल डिग्री, आधारभूत तह कक्षा १-८ को हकमा स्नातकोत्तर डिग्री र आधारभूत तह कक्षा १-५ को हकमा स्नातक डिग्रीलाई माथिल्लो योग्यता मानिने छ ।

(२) ज्येष्ठता शिक्षण अनुभव वापत १० अङ्क

i. सम्बन्धित तहमा स्थायी नियुक्ति पाइ कामकाज गरेको प्रति वर्षको २ अङ्कका दरले बढीमा १० अङ्क
ii. सम्बन्धित तहमा अस्थायी/राहत/करारमा नियुक्ति पाइ कामकाज गरेको प्रति वर्षको १.२५ अङ्कका दरले बढीमा १० अङ्क
iii. सम्बन्धित तह भन्दा एक तह तल्लो पदमा कामकाज गरेको प्रति वर्षको १ अङ्कका दरले बढीमा १० अङ्क

(३) वरिष्ठता वापत ३ अङ्क

i. सम्बन्धित तहमा स्थायी भइ प्रथम श्रेणीको शिक्षक भए ३ अङ्क
ii. सम्बन्धित तहमा स्थायी भइ द्वितीय श्रेणीको शिक्षक भए २ अङ्क
iii. सम्बन्धित तहमा स्थायी भइ तृतीय श्रेणीको शिक्षक भए १ अङ्क
iv. अस्थायी/करार/राहतको शिक्षक र तल्लो तहको स्थायी शिक्षकका लागि यस वापत अङ्क प्रदान नगर्ने ।

(४) तालिम वापत ५ अङ्क

(अ) शैक्षिक तालिम वापत ३ अङ्क

न्यूनतम १० महिनाको प्रमाण पत्रसहितको सेवाकालिन तालिमका लागि (यस वापत शिक्षक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सरहको शिक्षाशास्त्र विषय अध्ययन गरेको भए पनि तालिम लिएको मानिने)

i. प्रथम श्रेणी भए ३ अङ्क
ii. द्वितीय श्रेणी भए २ अङ्क
iii. तृतीय वा पास श्रेणी भए १ अङ्क
iv. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने

(आ) विद्यालय व्यवस्थापन वा प्रधानाध्यापक सम्बन्धी तालिम वापत २ अङ्क

शिक्षा तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्वविकास सम्बन्धी कम्तिमा एक महिनाको प्रधानाध्यापक तालिम लिएको भए २ अङ्क प्रदान गर्ने ।

(५) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत ३ अङ्क

अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत शिक्षकले रोजेको (तहगत रुपमा माध्यमिक तहको भए माध्यमिक कक्षाहरु, आधारभूत तहको भए आधारभूत तहका कक्षाहरु) कक्षा र विषयको पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा १ अङ्कका दरले ३ अङ्क दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछः

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको धुनपाको औसत उत्तीर्ण प्रतिशत}} \times 1$$

अन्य विद्यालयबाट सरुवा भई आएका शिक्षक प्रधानाध्यापक उमेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धिका आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नुपर्नेछ ।

(६) नेतृत्व लिने क्षमता वापत ९ अङ्क

नेतृत्व लिने क्षमता वापत अङ्क प्रदान गर्दा ७५ प्रतिशत भन्दा बढी र ५० प्रतिशत भन्दा कम अङ्क दिनु परेमा सोको पुष्टयाइँसमेत गर्नुपर्नेछ ।

(अ) सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कन (सहपाठीको मूल्याङ्कन)वापत ३ अङ्क

यसका लागि नगरपालिकाले तोकेको प्रतिनिधि वा शिक्षा समितिका सदस्य प्रतिनिधि वा सामाजिक विकास समितिका संयोजक वा वडाध्यक्ष र विव्यस अध्यक्षको उपस्थितिमा विद्यालयमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरुलाई देहायको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्न लगाई औसत अङ् प्रदान गर्ने  तर प्रअको उमेदवार भएको शिक्षकले यो मूल्याङ्कनमा सहभागी हुन नपाउने ।

| मूल्याङ्कनका आधार | अति उत्तम (१.) | उत्तम (०.७५) | मध्यम (०.५०) | सामान्य (०.२५) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्न र विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न  तथा समुदायलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्ने क्षमता | | | | |
| (ग) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

मूल्याङ्कनमा सहभागी शिक्षक कर्मचारीको नामः दस्तखतः

(आ) वडा शिक्षा समितिको मूल्याङ्कन ३ अङ्क

वडा शिक्षा समितिको बैठक बसी देहायको मूल्याङ्कनका आधारमा अङ्क प्रदान गरी अध्यक्षबाट प्रमाणीकरण गर्ने यसरी मूल्याङ्कनका लागि प्राप्त भएको मितिले ७ सात दिन भित्र मूल्याङ्कन गरी छनौट समितिमा फिर्ता पठाइ सक्नु पर्नेछ तर वडा शिक्षा समितिले तोकिएबमोजिम अवधिमा मूल्याङ्कन गरी नपठाएमा वा मूल्याङ्कन नगरेको खण्डमा पनि प्रअ छनौटका लागि छनौट समितिलाई मूल्याङ्कन गर्न बाधा पर्नेछैन)

| मूल्याङ्कनका आधार | अति उत्तम (१.) | उत्तम (०.७५) | मध्यम (०.५०) | सामान्य (०.२५) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्ने र विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्ने तथा समुदायलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्ने क्षमता | | | | |
| (ग) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

प्रमाणीकरण गर्ने वडा शिक्षा समितिका अध्यक्षको नाम थरः दस्तखतः

(इ) विद्यालय व्यवस्थापन समितिको मूल्याङ्कन ३ अङ्क

विद्यालय व्यवस्थापन समितिको बहुमत सदस्य उपस्थित भई देहायको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी अध्यक्षबाट औसत अङ्क प्रमाणीकरण गर्ने । यसरी मूल्याङ्कनका लागि प्राप्त भएको मितिले ७ सात दिन भित्र मूल्याङ्कन गरी छनौट समितिमा फिर्ता पठाइ सक्नु पर्नेछ तर विद्यालय व्यवस्थापन समितिले तोकिएबमोजिम अवधिमा मूल्याङ्कन गरी नपठाएमा वा मूल्याङ्कन नगरेको खण्डमा पनि प्रअ छनौटका लागि छनौट समितिलाई मूल्याङ्कन गर्न बाधा पर्नेछैन)

| मूल्याङ्कनका आधार | अति उत्तम (१.) | उत्तम (०.७५) | मध्यम (०.५०) | सामान्य (०.२५) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| (क) शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्न र विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न तथा समुदायलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्ने क्षमता | | | | |
| (ग) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

प्रमाणीकरण गर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम थरः दस्तखतः

(७) समावेशिता वापत ३ अङ्क

एक उमेदवारले कुनै एक समावेशी समूहको मात्र अङ्क पाउने गरी महिला, दलित, आदिवासी जनजाति, मधेशी, सिमान्तिकृत समूह, अपाङ्ग, पिछडिएको क्षेत्रका उमेदवारलाई ३ अङ्क प्रदान गर्ने ।

थप पुष्ट्याइः प्रधानाध्यापक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा समावेशी समूहका उमेदवार र अन्य उमेदवारको अङ्क बराबर भएमा क्रमशः महिला, दलित, अपाङ्ग, जनजाति, मधेसी र पिछडिएको क्षेत्रका उमेदवारलाई प्राथमिकताका आधारमा सिफारिस गर्नुपर्नेछ ।

**खण्डः ख विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन कूल अङ्क ५०**

विद्यालय विकास प्रस्ताव वापत देहायबमोजिम ५० अङ्क हुनेछ

(अ) विद्यालयको वर्तमान शैक्षिक भौतिक र आर्थिक अवस्थाको विश्लेषण वापत १० अङ्क

(आ) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि वापत ५ अङ्क

(इ) विद्यालयको वर्तमान शैक्षिक स्थिति र अपेक्षित उपलब्धि बीचको सूचकगत अन्तर वापत १० अङ्क

(ई) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको अल्पकालिन मध्यकालिन र दीर्घकालिन योजना वापत २० अङ्क

(उ) कार्ययोजनाको मूल्याङ्कनका आधारका सूचकहरु वापत ५ अङ्क

**खण्डः ग अन्तर्वार्ता मूल्याङ्कन कूल अङ्क १०**

अन्तर्वार्ता वापत देहायबमोजिम १० अङ्क हुनेछ

(अ) व्यक्तित्व वापत १ अङ्क

(आ) नेतृत्व क्षमता वापत ३ अङ्क

(इ) शैक्षिक प्रशासन सम्बन्धी ज्ञान वापत ३ अङ्क

(ई) शिक्षाका समसामयिक मुद्धाहरुलाई अवसरमा बदल्ने क्षमता वापत ३ अङ्क

## परिच्छेद– ३
## प्रधानाध्यापक छनौट समितिको गठन, काम, कर्तव्य र अधिकार

६. प्रधानाध्यापक छनौट समितिको गठन, काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(१) सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्न देहायको छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतः अध्यक्ष

(ख) सामाजिक विकास समितिका संयोजकः सदस्य

(ग) नगर प्रमुखबाट नगर क्षेत्रभित्रका शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति मध्येबाट मनोनित शिक्षा विद् (कम्तिमा माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा कामकाज गरी सेवानिवृत वा प्रशासन वा शिक्षा सेवामा उपसचिव वा कम्तिमा नवौं तहको अधिकृत पदमा कामकाज गरी सेवा निवृत्त वा स्नातक तहको अध्यापन हुने कलेजमा कम्तिमा २ शैक्षिक सत्र उपप्राध्यापक पदमा कार्यरत वा निवृत) सदस्य १ एक जना

(घ) नगर प्रमुखले मनोनित गरेको नगर शिक्षा समितिका कम्तिमा स्नातक तह उत्तीर्ण सदस्य मध्ये एक जना महिला सदस्यः सदस्य १ एक जना

(ङ) नगर प्रमुखबाट मनोनित कम्तिमा स्नातक तह उत्तीर्ण विव्यस अध्यक्ष मध्येबाट एक जनाः सदस्य १ एक जना

(च) प्रमुख प्रशासकीय अधिकृतबाट मनोनित नगरपालिकाको अधिकृत कर्मचारी १ एक जना

(छ) शिक्षा शाखा प्रमुखः सदस्य सचिव

(२) छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) प्रधानाध्यापक छनौटका लागि सूचना प्रकाशन गर्ने ।

(ख) सूचनाको अवधिमा परेका निवेदनहरुको पूर्व योग्यताका आधारमा रुजु गरी उम्मेद्वारी स्वीकृत वा अस्वीकृत भएको जानकारी सार्वजनिक सूचना मार्फत् उमेदवारलाई दिने ।

(ग) प्रधानाध्यापक छनौटका आधारमा मूल्याङ्कन गर्न वस्तुनिष्ट ढाँचा विकास गर्ने ।

(घ) प्रअ छनौटका आधार र फरेमटका आधारमामा उमेदवारहरुको अन्तर्वार्ता पूर्वको मूल्याङ्कनको समष्टिगत तयार गर्ने ।

(ङ) अन्तर्वार्ता सञ्चालनका लागि सूचना प्रकाशन गरी तोकिएको मिति र समय तालिकामा अन्तर्वार्ता सञ्चालन गर्ने ।

(च) तोकिएको मापदण्डको आधारमा विद्यालय विकास प्रस्तावको मूल्याङ्कन गर्ने गराउने ।

(छ) मूल्याङ्कनको सबै चरण समाप्त गरी विद्यालयगत रुपमा योग्यताक्रमको समष्टिगत सूचि तयार गर्ने ।

(ज) अन्तिम योग्यताक्रमको सूचि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(झ) यससँग सम्बन्धित आवश्यक काम गर्ने ।

(३) छनौट समितिको बैठक तथा अन्य कार्य सो समिति आफैले तोके अनुसार हुनेछ ।

(४) छनौट समितिको बैठक भत्ता र अन्य सेवा सुविधा नगर शिक्षा समितिको सुविधा सरह हुनेछ ।

(५) उपदफा (१) को खण्ड ग., घ., ङ र च. बमोजिमको मनोनित सदस्यको पदावधि मनोनयनको मितिले १ वर्षको हुनेछ ।

## परिच्छेद– ४

## विविध

७. बाधा अड्काउ फुकाउने अधिकार : यो कार्यविधि कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा र यसमा उल्लेख नभएका विषयहरुमा कुनै व्यवस्था गर्न आवश्यक परेमा नगर प्रमुखले निर्णय गर्न सक्नेछ र यसरी भएको निर्णय नगरकार्यपालिकामा अनुमोदन गराउनु पर्नेछ ।

८. व्याख्या गर्ने अधिकारः यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

९. बचाऊः

(१) यस कार्यविधिमा लेखिए देखि बाहेकका विषयहरुमा संघीय तथा प्रदेश शिक्षा ऐन तथा नियमावलीमा लेखिए बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएका कुनै कुरा संघ वा प्रदेशको ऐन कानुनसँग बाझिन आएमा सो बाझिएको हदसम्म मात्र निष्क्रिय हुनेछ ।

(३) यो कार्यविधि लागू हुनु पूर्व नियुक्ति भएका प्रधानाध्यापक यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
तारानाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत